म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९६ शुक्रबार २ मंसिर २०७९ ने. सं. ११४३ कछलागा 18 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

**जाडोको समयमा चिसोबाट बचौं**

☞ जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
☞ न्यानो कपडा लगाऔं,
☞ घर तथा कोठा न्यानो बनाऔं,
☞ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्‍चित गरौं,
☞ बालबालिकालाई तेल मालिस गरिदिऔं,
☞ बढी चिसोमा मर्निङ वाक नगरौं,
☞ चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
☞ दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रतिनिधिसभा प्रदेशसभा निर्वाचन-२०७९, मौन अवधि सुरु

# के-के गर्न पाइँदैन ?

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ बिहीबार मध्यरातबाट स्थिर समय (मौन अवधि) सुरु भएको छ । मंसिर ४ को निर्वाचनका लागि यो मौन अवधिमा चुनाव प्रचार-प्रसार गर्न र मतदातालाई प्रभावित पार्ने कुनै पनि गतिविधि गर्न पाइँदैन ।

निर्वाचन आचार संहिता-२०७९ अनुसार चुनाव हुनुभन्दा ४८ घण्टा अगाडिबाट स्थिर समय लागु हुन्छ । मौन अवधिलाई अहिले निर्वाचन आयोगले 'स्थिर समय' वा 'शान्त समय' भनेर परिभाषित गरेको छ । स्थिर समयमा सबै उम्मेदवारका घोषणा पत्र, विचार र विगत बारे मतदातालाई सोच्न दिने समय हो । प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख लुम्बनाथ पोखरेलको अनुसार निर्वाचन हुनुभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचन प्रचार-प्रसारका कुनैपनि गतिविधि गर्न पाइँदैन । गयराती राती १२ बजेदेखि प्रचार प्रसारका सम्पूर्ण काम निषेध भएको छ । 'हिजोसम्म राजनीतिक दल र उम्मेदवारले मतदाताहरूलाई घोषणापत्र घरघरमा गएर दिए । विचार र सिद्धान्त मतदातालाई सुनाए ।

निर्वाचनको ४८ घण्टा अघिको समय भनेको दल र दलले दिलाएको विश्वास र दिएको आश्वासन ठीक हो या गलत ? मतदातले छुट्याउने तथा शान्त भएर सोच्ने समय हो', उनले भने, 'अब उम्मेदवारहरुको बारेमा मतदाताले सोच्ने बेला हो ।' मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलका भातृ संगठन र सम्बन्धित व्यक्तिका लागि आयोगले विशेष आचरण पालना गर्नुपर्ने निर्धारण गरेको छ । आचार संहिता उल्लंघन गरेर निर्वाचनमा धाँधली गरेको ठहर भएमा आयोगले उम्मेदवारीसम्म रद्ध गर्ने छ ।

**यस्ता गतिविधि गर्न पाइँदैन**

निर्वाचनको स्थिर(मौन) समयमा निर्वाचन प्रचारप्रसारका लागि छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला गोष्ठी गर्न नपाइने आचारसंहितामा उल्लेख छ । आचारसंहिता अनुसार स्थिर समय सुरु हुनुभन्दा पहिले नै मतदान स्थलको तीन सय मिटर वरिपरी राखिएका राजनीतिक दल तथा उम्मेदवारका चुनाव प्रचारप्रसारका सामग्री हटाउनु पर्ने छ । कुनैपनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन ।

सामाजिक सञ्जाल, अनलाइन, छापालगायत अन्य कुनै माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न पाइँदैन । ती सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोस्ट तथा शेयर गर्न गराउन निषेध गरिएको छ । अनुगमनमा गोप्य टिम निर्वाचनको अन्तिम समयमा बढी चलखेल हुँदै आएको छ । यस्ता गतिविधि नियन्त्रणका लागि आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी, केही गोप्य टिमहरू देशैभर खटाइएको निर्वाचन आयोगले जनाएको छ ।

**मदिरा बिक्री वितरणमा रोक**

जिल्ला प्रशासन कार्यालय मकवानपुरले निर्वाचनको शान्ति सुरक्षाका लागि मदिराजन्य समाग्रीको बिक्री वितरणमा रोक लगाएको छ । प्रशासन कार्यालयले सूचना सार्वजनिक गर्दै मंसिर ४ गते हुने




प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण एवम् भयरहित वातावरणमा सम्पन्न गर्न मदिराजन्य पदार्थ पूर्ण रुपमा बन्द गरेको जनाएको हो ।

कार्यालयले बिहीबार राती १२ बजेदेखि मंसिर ५ गते दिउँसो १२ बजेसम्म जिल्लाभर मदिराजन्य पदार्थको प्रयोगमा बन्देज गर्ने उल्लेख गरेको छ । यस्तै, मत गणना हुने मतगणनास्थल सिद्धार्थ माविको ५ सय मिटर आसपासको क्षेत्रमा मतगणनाको कार्य सम्पन्न नहुँदासम्मको लागि मदिराजन्य पदार्थको ओसारपसार, विक्री वितरण तथा सेवन पूर्ण रुपमा बन्द गर्ने भएको छ । यस्तै, निर्वाचनको दिन अनुमति प्राप्त सवारी साधन मात्र संचालन गर्न पाईने भएको छ ।

मंसिर ४ गते बिहान ५ बजदेखि मंसिर ५ गते बिहान ५ बजेसम्म सम्पूर्ण निजी तथा सार्वजनिक यातायातका सवारीसाधन संचालन गर्न नपाउने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । निर्वाचन आचार संहिता विपरितका कार्य एवम् निर्वाचन विरोधी कुनै किसिमका गतिविधि भएको पाइएमा कानून बमोजिम कारबाही गरिने सूचनामा उल्लेख छ ।

**उम्मेदवारी रद्धसम्म हुने सक्ने**

कुनै उम्मेदवारले आयोगले बनाएको आचारसंहिताको उल्लंघन गरेर निर्वाचनमा धाँधली गरे उम्मेदवारी रद्धसम्म हुने कानुनी व्यवस्था छ । यसरी उम्मेदवारी रद्ध गर्नु अघि सम्बन्धित उम्मेदवारलाई सफाइको उचित मौका दिइने छ ।

कानुन अनुसार आचार संहिता उलंघन गर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी र निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिबाना गर्न छन् । निर्वाचन आयोगले मौन अवधिका नियमको कडाइका साथ पालना गराउन निर्वाचन आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिएको छ । केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समितिको बैठकले यस्तो निर्देशन दिएको पोखरेलले बताए । निर्वाचन कसुर तथा सजाय ऐनले मतदानको दिनदेखि ४८ घण्टा अघिको समयलाई मौन अवधि तोकेको छ ।

यो समयमा पालना गर्नुपर्ने नियमकाबारे भनिएको छ, 'कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्धेश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।' यो नियम उल्लंघन गर्नेलाई २५ हजार रुपैयाँ जरिवाना हुने पोखरेलले बताए । स्थानीय निर्वाचन आचार संहिता अनुगमन समितिलाई यो कसुरबारे कडाइका साथ अनुगमन गर्न आयोगले निर्देशन दिएको छ ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# जिल्लाका ३ सय ४४ मतदान केन्द्रमा निर्वाचन सामग्री लगियो

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरबाट नियुक्त पत्र लिई खटिएका कर्मचारीहरुले जिल्लाका ३ सय ४४ वटा मतदान केन्द्रका लागि आवश्यक निर्वाचन सामग्री बुझेका छन् ।

जिल्लाका १० वटै स्थानीय तहमा गरेर स्थायी प्रकृतिका ३ सय ६४ र दुई वटा अस्थायी गरी ३सय ६६ वटा मतदान केन्द्र छन् । जसमध्ये बिहीवारसम्म ३ सय ४४ वटा मतदान केन्द्रका लागि निर्वाचन सामग्री पठाइएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले जानकारी दिए । बाँकी २२ वटा मतदान केन्द्रका लागि खटिएका कर्मचारीहरुले निर्वाचन सामग्री बुझ्न बाँकी रहेको पोखरेलले जानकारी दिएका छन् । निर्वाचन सामग्री ८१ प्रकारका रहेको उनले बताए । जसमा मतपेटिका, मतपत्रलगायतका निर्वाचन सामग्री रहेका छन् ।

पोखरेलका अनुसार निर्वाचन सामग्री लगिएको ३ सय ४४ वटा मतदान केन्द्र हेटौंडा उपमहानगरपालिका बाहेकका स्थानीय तहका छन् । निर्वाचन सामग्री लान बाँकी २२ वटा मतदान केन्द्र हेटौंडा



उपमहानगरपालिका र आसपासका नजिकका मतदान केन्द्र रहेको उनले बताए । निर्वाचन आयोगको निर्देशनअनुसार १ मंसिरभित्रै निर्वाचन सामग्री मतदान केन्द्रहरुमा पुऱ्याइ सक्नु पर्ने थियो । पोखरेलले पनि १ मंसिरभित्रै निर्वाचन सामग्री लगिसक्नु पर्नेमा २२ वटा मतदान केन्द्रमा खटिएका कर्मचारीहरुले आज शुक्रबार सामग्री बुझ्न आउने खबर दिएको बताए । बाँकी २२ वटा मतदान केन्द्रमा आज शुक्रबार ससम्म निर्वाचन सामग्री जसरी पनि पुग्ने जानकारी दिए ।

'आजसम्म मतदान केन्द्रहरुमा निर्वाचन सामग्री पुगिसक्ने पर्ने हो । २२ वटा मतदान केन्द्रका मतदान अधिकृतले शुक्रबार सामग्री बुझ्न आउँछौं भन्नु भएको छ । भोली जसरी पनि मतदान केन्द्रमा आवश्यक निर्वाचन सामग्री पुगिसक्छ,' पोखरेलले भने । मतदान केन्द्रमा खटिएका कर्मचारीहरुले निर्वाचन कार्यालयमा रुजु गराएर मात्रै निर्वाचन सामग्री बुझ्न पाउँछन् । विगत ३-४ दिनदेखि प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन सामग्री बुझ्ने कर्मचारीहरुको भिड नै लागेको थियो ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरमा ९० प्रतिशत काम सकिएको पोखरेलले जानकारी दिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पनि समानुपातिक र प्रत्यक्षतर्फको मतपत्र बुझेर आफ्ना मतदान केन्द्रमा जाने कर्मचारीहरुको भीड लागेको थियो । बुधवारभित्र कर्मचारीहरु खटिएको मतदान केन्द्रमा पुगेर सुचना टाँस गर्नुपर्ने भएकाले पनि मतदानका दिनलाई चाहिने आवश्यक सामग्री लिएर जाने कर्मचारीहरुको भिड लागेको हो । १ मंसिरसम्म जिल्लाका १० वटै स्थानीय तहका मतदान केन्द्रहरुमा निर्वाचन सामग्री लिएर गएर मतदानको सवै प्रक्रिया मतदान अधिकृत, सहायक अधिकृत र सहायक स्तरका कर्मचारीहरुले पुऱ्याउनु पर्छ ।

मतपत्र सहितका सामग्री लिएर बुधवार बेलुकासम्म सबै मतदान केन्द्रमा खटिएका कर्मचारी पुगिसक्नु पर्ने मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए । जिल्लामा शिक्षक सहित ३ हजार बढी कर्मचारी निर्वाचनका लागि खटिएका छन् । हेटौंडामा रहेका बागमती प्रदेशका विभिन्न मन्त्रालय, जिल्ला स्तरका कार्यालय र स्थानीय तहसमेत गरेर २ हजार ६ सय जना कर्मचारी र अन्य सहायक स्तरका स्थायी शिक्षकहरु निर्वाचनमा खटिने भएका हुन् । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा उपसचिव स्तरका मतदान अधिकृत रहेका छन् । जिल्लाका अन्य स्थानीय तहमा रहेको मतदान केन्द्रहरुमा अधिकृत तहका मतदान अधिकृत खटाइएको छ ।

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

**BBS ADMISSION OPEN**



Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

साझाकुरा

## हाम्रो कुरा

# निर्वाचन निष्पक्ष र भयरहित बनाऔं

राज्य व्यवस्थामा सत्ता परिवर्तनको सहज र शान्तिपूर्ण माध्यम निर्वाचन हो । यो लोकतान्त्रिक शासन प्रणालीको सुन्दर रुप हो । स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन लोकतन्त्रको पूर्वशर्त हो । निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित हुन सकेन भने निर्वाचित सरकारले वैधता नपाउनेमात्र नभई शासकीय पद्धतिप्रति नै जनताको विश्वास रहँदैन । निर्वाचन निष्पक्ष नभएमा देशमा आन्दोलन हुन्छ । निष्पक्ष र भयरहित नहुँदा नेपालमा राजाका पालामा भएका निर्वाचनहरुले खासै वैधता पाउन सकेन । निर्वाचन निष्पक्ष नभएको विषयमा विश्वमा प्रजातन्त्रको उत्कृष्ट अभ्यास गरेका भनिएका देशहरुमा समेत ठूला आन्दोलन भएको पाइन्छ । लोकतान्त्रिक व्यवस्था संसारको उत्कृष्ट शासन व्यवस्था हो । आवधिक निर्वाचन, लोकतन्त्रिक शासन व्यवस्थामा जनताले आफ्नो स्वतन्त्र मतको प्रयोग गरी आफ्नो शासकीय प्रतिनिधि आफूभित्रैबाट छनौट गर्ने गर्दछन् ।

विश्वका देशहरु आर्थिक विकासको दौडमा रहेसँगै जनतामा राजनीति र निर्वाचनप्रतिको चासो कम भएको पाइन्छ । जसका कारण निर्वाचनमा कम मत खस्नुका साथै लोकतान्त्रिक पद्धतिले आत्मसाथ गरेको मर्मबमोजिमको सक्षम जनप्रतिनिधि निर्वाचित हुने नसक्ने हो कि भन्ने आम चिन्ता र चासोको विषय बन्न थालेको छ । पछिल्लो युवा पुस्तामा राजनीतिक विषयमा चासो कम भइरहेको पाइन्छ । लोकतन्त्र प्राप्तिमा जनताले खेलेको भूमिकाअनुसार राजनीतिक दलहरुले सत्तामा पुगेपछि गरेको व्यवहार जनमुखी नहुनु यसको मुख्य कारण हो । लोकतन्त्रमा जनताले पाउनुपर्ने स्वतन्त्रतासंगै हुनुपर्ने विकास निर्माणको कामले गति नलिनु, युवा पुस्तामाझ सरकारको कार्यक्रम प्रभावकारी नआउनु जस्ता कारणले यसो भएको हुन सक्छ । तर, युवा पुस्ताले देशको सत्ता परिवर्तन हुने निर्वाचनमा आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नबाट किन्चित पछाडि हट्नु हुन्नँ । सबैले निर्वाचनमा सक्रियतापूर्वक सहभागिता जनाउनु लोकतन्त्रको वास्तविक उपयोग पनि हो ।

निर्वाचन सिंगो राज्य व्यवस्था संचालन, परिचालन, विकास र समृद्धि हासिल गराउने माध्यमको रुपमा लिइन्छ । यसका लागि सरकारको तटस्थ, सहयोगी र समन्वयकारी भूमिका, निर्वाचन कार्यको सञ्चालन, रेखदेख, समन्वय तथा नियन्त्रण गर्नका लागि राजनीतिक दलगायत सबै सरोकारवाला निकायहरुबीचको ऐक्यवद्धताका साथै आधारभूत निर्वाचन कानूनहरु निर्माण गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नागरिक शिक्षा, आर्थिक अनुशासन र पारदर्शिता, पूर्वाग्रहरहित र वस्तुनिष्ठ अनुगमन, चुस्त सुरक्षा व्यवस्था, मानवीय तथा अन्य स्रोत साधनको व्यवस्थापन उचित ढंगबाट गर्दै स्वतन्त्र, निष्पक्ष र भयरहित तरिकाले निर्वाचन सम्पन्न हुनुपर्छ ।

# स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनका लागि आधारभूत तत्व



**वीर बहादुर विक**

आवधिक निर्वाचन राज्य व्यवस्थामा सत्ता परिवर्तनको सहज र शान्तिपूर्ण माध्यम हो। यो लोकतान्त्रिक शासन प्रणालीको सुन्दर रुप हो।स्वतन्त्र र निष्पक्ष निर्वाचन लोकतन्त्रको पूर्वशर्त हो । निर्वाचन स्वतन्त्र, निष्पक्ष र भय रहित हुन सकेन भने निर्वाचित सरकारले वैधता नपाउने मात्र नभइ शासकीय पद्धती प्रतिनैजनताको विश्वास रहँदैन।

निर्वाचन निर्वाचन निष्पक्षनभएका `विषयमा विश्वमाप्रजातन्त्रको उत्कृष्ट अभ्यास गरेका भनिएका देशहरुमा समेत बृहत आन्दोलन भएको पाइन्छ। सन् २००० को अमेरिकी निर्वाचनमा धाधली गरी जर्ज बुस राष्ट्रपतिमा विजयी भएको,सन् २०१६ कोअमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित हुँदा गरेको धाधली,सन् २०१८ माहङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर वानलेआम निर्वाचनमा गडबड गरेको,सन् २०१९मावोलिभियाका राष्ट्रपति ईभो मोरालेसले निर्वाचनमा गडबडी गरेको भन्ने आधारमा पदबाट राजीनामा दिएका थिए।

त्यस्तै, रसियामा स्वतन्त्र र निष्पक्ष निर्वाचनको हुनुपर्ने विषयमा विपक्षी राजनीतिक दलहरुले गरिरहेको आन्दोलनविश्व परिदृश्यका केही उदाहरण हुन । नेपालमा भएको २०३७ जनमत संग्रह र त्यसपछि विभिन्न समयमा भएका निर्वाचनहरु पनि स्वतन्त्र, निष्पक्ष र स्वच्छ हुन नसकेको भन्ने आमधारणा बनेको पाइन्छ।

संसारको उत्कृष्ट शासन व्यवस्थाको रुपमा दर्ज भएको शासकीय व्यवस्था हो लोकतन्त्रिक शासन व्यवस्था।लोकतन्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष हो आवधिक निर्वाचन।लोकतन्त्रिक शासन व्यवस्थामा जनताले आफ्नो स्वतन्त्र मतको प्रयोग गरी अफ्नो शासकीय प्रतिनिधि आफुभित्रैबाट छनौट गर्ने गर्दछन् । लोकतन्त्रिक शासन व्यवस्थाले राजनीतिक आयामको सशक्तीकरणगर्नुका साथै आर्थिक र सामाजिक आयाममा समेत परिवर्तन ल्याउने सार्मार्थ्य राख्छ भने लोकतान्त्रिक शासन व्यवस्था बलियो बनाउने कडी नै स्वतन्त्र र निष्पक्ष निर्वाचन हो। यो लोकतन्त्रको आधारभूत तत्व पनि हो।

विश्वका देशहरु आर्थिक विकासको दौडमा रहे सँगै जनतामा राजनिति र निर्वाचन प्रतिको चासो कम भएको पाइन्छ । जसका कारण निर्वाचनमा कम मत खस्नुका साथैलोकतान्त्रिक पद्धतीलेआत्मसाथ गरेकोमर्म बमोजिमको सक्षम जनप्रतिनिधि निर्वाचित हुने नसक्ने हो कि भन्ने आम चिन्ता र चासोको विषय बन्न थालेको छ।

लोकतन्त्रमा निर्वाचन सत्ता परिवर्तनको सशक्त माध्याम भएकोले निर्वाचनस्वतन्त्र, निष्पक्ष र भयरहित हुन नसकेको गुनासो प्राय: सबैजसो देशहरुमा सुन्ने गरिन्छ । सरकारमा रहेको दलले आफ्नो दल वियजी गराउन लागि राज्यका स्रोत साधनहरुको दुरुपयोग गरेर मत परिणाम अफ्नो पक्षमा पार्ने कुचेष्ठामा लाग्न सक्छ । निर्वाचनमा सरकार तटस्थ हुन नसक्नु, उम्मेदवार तथा मतदाताको सुरक्षा गर्न नसक्नु र आवश्यक मात्रामा बजेट उपलव्ध गराउन नसक्नु सरकारसँग सम्वन्धित समस्या हुन्।

***सरकारको भूमिका:***

निर्वाचन सिंगो राज्य व्यवस्था संचालन, परिचालन, विकास र समृद्धि हासिल गराउने माध्यमको रुपमा लिइन्छ यसका लागी सरकारको तटस्थ, सहयोगी र समन्वयकारी भूमिका, निर्वाचन कार्यको सञ्चालन, रेखदेख, समन्वय तथा नियन्त्रण गर्नका लागि राजनीतिक दल लगायत सबै सरोकारवाला निकायहरु विचको ऐक्यवद्धताका साथै आधारभूत निर्वाचन कानूनहरु निर्माण गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

***नागरिक शिक्षा:***

निर्वाचनमा जनताको सक्रिय सहभागिता र चासो रहेन भने निर्वाचन अर्थहिन र उपलब्धि विहिन हुन पुग्दछ र यसले निर्वाचन परिणाम गलत दिशातर्फ धकेलिने र असक्षम प्रतिनिधिको हातमा राज्यसत्ता पर्न सक्ने खतरा निम्तिन सक्छ । त्यसैले मतदातालाई नागरिक शिक्षाको माध्यामबाट जागरुक बनाउन मतको मूल्य तथा भोटमा राजनीतिक सत्ता परिवर्तन गर्ने अन्तरनीहित शक्तिका बारेमा ज्ञान तथा आफूले मन नपराएको व्यक्ति वा राजनीतिक दललाई पदमुक्त गर्ने क्षमताको अभिवृद्धि गरिनुपर्दछ । यसका लागि राजनितिक दलको मतदाता शिक्षाको माध्यमबाट मतदाताको निराशा र उदासीनतालाई चासो, चिन्ता र उत्प्रेरणामा बदल्नुपर्दछ। यसले मात्र स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन ठुलो योगदान पुर्‍याउदछ।

***आर्थिक अनुशासन र पारदर्शिता:***

स्वतन्त्र, निष्पक्ष निर्वाचनका दलहरु ईमान्दार, सभ्य र अनुशासित हुनुपर्ने कुरा महत्वपुर्ण हुन जान्छ । राजनीतिक दलहरुको प्रतिस्पर्धा सभ्य र अनुशासित नभएसम्म निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन सक्दैन । निर्वाचनमा खर्चिलो हुनु, महंगो हुनुस्वतन्त्र र निष्पक्ष निर्वाचनको अर्को चुनौति हो । यसले अनेकौं विकृतिहरुलाई निम्तो दिन्छ । खर्चको सीमा नाघ्नु भनेको भ्रष्ट्राचारलाई आमन्त्रण गर्नु हो। निर्वाचनमा अन्धाधुन्ध पैसा खर्च गर्नाले भ्रष्ट्राचार बढ्नुका अलावा स्वस्थ निर्वाचन प्रतिस्पर्धालाई कमजोर बनाउदछ । यसका लागि निर्वाचनमा भाग लिने राजनितिक दल तथा उम्मेदवारहरुले निर्वाचनको क्रममा गरिएका क्रियाकलाप र त्यसमा भएको यथार्थ विवरणआम नागरिक समक्ष जानकारी पुर्‍याउने र वस्तुपरक सामाजिक परीक्षण हुने ब्यवस्था गरी पारदर्शिताको प्रभावकारी प्रयोग गर्नु आवश्यक देखिन्छ।

निर्वाचनका अबगकभ, उचयअभकक बलम चभकगति बारे आम नागरिकहरू सुसूचित बनाउने र सार्वजनिक कामकारवाहीमा जनताको पहुँच अभिवृद्धि गर्दै खुलापनको विकासमा जोड दिनुले आर्थिक पारदर्शिता, आर्थिक वृद्धि र आर्थिक अनुशासनलाई टेवा पुर्‍याउछ। पारदर्शिताको प्रभावकारी कार्यान्वयनबाट जवाफदेहीताको वृद्धि हुनुका साथैभ्रष्टाचार र अनियमित नियन्त्रण गराउँछ,शासन व्यवस्थाका हरेक तहमा नागरिकको अर्थपूर्ण सहभागिता, चासो र चिन्तनलाई अभिवृद्धि गराउँदछ।

निर्वाचन खर्चलाई कम गर्न, आर्थिक अनुशासन र पारदर्शिता अभिबृद्धि गर्न एवं निर्वाचनमा प्रतिस्पर्धा बढाउन निर्वाचनका लागि राज्यकोषवाट राजनीतिक दलहरुलाई निर्वाचन खर्च दिने व्यवस्था गर्नुपर्छ भन्ने तर्कहरु आएका छन् । यद्यपी यसका लागि उपयुक्त कानूनी व्यवस्था गरी राजनीतिक दल वा उम्मेदवारले कसैसँग चन्दा उठाउन वा दान लिन नपाउने गरी प्रभावकारी कार्यान्वयन जरुरी हुन आउछ।

***पूर्वाग्रहरहित र वस्तुनिष्ठ अनुगमन***

आयोगले निर्वाचनको लागी जारी गर्नेआचार संहिताले सरकारदेखि राजनीतिक दलसम्मलाई आचार संहिताले सीमाबद्ध गर्दछ। आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनका मापदण्ड मापनयोग्य हुनुपर्दछ । निर्वाचन आचारसंहिताको पालनामा निर्वाचन आयोगले सवै राजनितिक दल, उम्मेदवार, राष्ट्रसेवक कर्मचारी एवं सरोकारवाला सवैलाई समान व्यवहार गर्नुपर्दछ भने उल्लंघन भएमाकानून बमोजिमको सजाय हुने व्यवस्थालाइ पूर्ण रुपमा लागू गरिनुपर्दछ निर्वाचनमा कर्मचारीतन्त्र निष्पक्ष, तटस्थ विवेकशिल हुनुपर्दछ।

कर्मचारीलाई आफनो राजनीतिक लाभ हुने गरी कुनै राजनीतिक दल वा उम्मेदवारले लोभलालचमा पार्ने काम पनि गर्नुहुँदैन। कर्मचारीले आफनो निष्पक्षता, तटस्थता, ईमान्दारिता र जिम्मेवारी प्रतिकूल हुने काम गरेमा निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन सक्दैन। निर्वाचनको अनुगमन स्वतन्त्र पर्यवेक्षकहरुले गर्ने व्यवस्थालाइ अझ प्रभावकारी बनाउनु पर्दछ।यसले राजनीतिक दल वा कर्मचारी वा अन्य कसैले निर्वाचनमा धाँधली गर्न सक्दैनन् । निर्वाचन पर्यवेक्षकहरुको प्रतिवेदनको आधारमा अन्तराष्ट्रिय समुदायले निर्वाचनलाई मान्यता दिने हुँदा अन्तराष्ट्रिय समुदायले मान्यता नदिएसम्म निर्वाचनबाट बनेको सरकार वैध हुन सक्दैन। यसकारण निर्वाचन आयोगले योग्य, तटस्थ र गाउँपाखासमेत पुग्ने गरी पर्यबेक्षक परिचालन गर्नुपर्दछ।

***निर्वाचन सुरक्षा:***

निर्वाचनसँग सम्बन्धित व्यक्ति, निकाय, सामग्री तथा संरचनाको सुरक्षा गरी निर्वाचन कार्यलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउननिर्वाचनमा मतदान स्थल पूर्ण रुपमा सुरक्षित, सहज र व्यवस्थित बनाउने कार्य निर्वाचन सुरक्षा अन्तरगत पर्दछ । सुरक्षा स्थितिको बारेमा राजनीतिक दल, उम्मेदवार वा सरोकार वालासँग अन्तरक्रिया गरी नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य निर्वाचन सुरक्षा हो। राज्यको महापर्व, महाअभियानको रुपमा रहने आम निर्वाचनमा नागरिकले भयरहित र स्वतन्त्र रुपमा सक्षम र योग्य प्रतिनिधि छनौट गर्न पाउने अवस्थाको सृजना गर्नु र निर्वाचनमा उम्मेदवारहरुको सुरक्षा नै निर्वाचन सुरक्षा हो।अन्तर्राष्ट्रिय सीमानासँग जोडिएका जिल्लाहरुमा सीमापारीबाट निर्वाचन बिथोल्न सक्ने गरी हुन सक्ने घुसपैठ एवं अवैध हातहतियार भित्रन सक्ने तर्फ सुरक्षा निकाय चनाखो हुनुपर्दछ। मतदान स्थलको सुरक्षा संवेदनशिलतालाई विश्लेषण गरी आवश्यक सुरक्षा प्रवन्ध गरिनु निर्वाचनको सफलताको लागि अत्यावश्यक र महत्वपूर्ण पक्ष हो । जसमा शान्तिपूर्ण रुपमा मतदान प्रक्रिया सम्पन्न हुने र मतदान पछि मतपेटिका सुरक्षित तवरले मतगणना स्थलसम्म ल्याउने प्रबन्ध मिलाउने, सुरक्षित तवरले मतपेटिका भण्डारण गर्ने,मतगणना र परिणाम घोषणा पछि सम्मको अवस्थालाई मध्यनजर गरी गरिने सुरक्षा व्यवस्था चुस्त दुरुस्त हुनुपर्दछ । सुरक्षाको कारणले निर्वाचनमा कुनै पनि किसिम अप्ठेरो र बाधा व्यवधान हुने अवस्थाको अन्त्य नै निर्वाचन सुरक्षा अन्तरगत पर्दछ। यो निर्वाचनको महत्वपूर्ण र प्रमुख तत्व हो।

***स्रोत साधनको व्यवस्थापन: मानवीय तथा अन्य***

निर्वाचन सफलताको लागि मानव संसाधन वा जनशक्ति व्यवस्थापन महत्वपूर्ण व्यवस्थापकीय आयाम हो । जनशक्ति व्यवस्थापनले निर्वाचनमा खटिनेमानवीय साधनहरूको आवश्यकताको योजनालाई समेट्दछ । निर्वाचन संवेदनशिलतालाई मध्यनजर गर्दै सुरक्षार्थ खटिने जनशक्तिलाई समेत यसले समेट्दछ । मानव श्रोत संवेदनशील जटिल र महँगो श्रोत हो तर यसको उचित परिचालन सम्भव भएकाले मानव श्रोतको क्षमताको अत्यधिक उपयोग गर्ने रणनीति तयार गर्न र प्रभावकारितामा वृद्धि गर्न तथा निष्पक्ष तरिकाबाट योग्य व्यक्तिलाई उपयुक्त तरिकाले परिचालन गर्न सक्नुपर्दछ।

जनशक्ति व्यवस्थापनले कर्मचारीलाई निर्वाचनको कार्य प्रकृति बारे जानकारी दिई कार्य वातावरण सँग परिचित र घुलमिल गराउने, कर्मचारीले सम्पादन गर्नु पर्ने काममा सहजता ल्याउन र मानसिक र शारीरिक सुरक्षा हुने किसिमको अवस्थाको प्रत्याभूति गर्नु पर्ने विषयहरू पर्दछन् । निर्वाचनको सफलताको लागि मानवीय स्रोत साधन सँगसगै आर्थिक तथा भौतिक स्रोत साधनहरुको व्यवस्थापन अत्यावश्यक र महत्वपूर्ण पक्ष हो । निर्वाचन सामाग्री, यातायातका साधनको कुशलतम र मितव्ययी प्रयोग र परिचालन, जनशक्तिको लागि दैनिक भत्ता, मतदान स्थलको व्यवस्थापन खर्च लगायतका आर्थिक स्रोतको मितव्ययी विनियोजन र पारदर्शि परिचालन एवं बस्तुनिष्ठ परीक्षणले निर्वाचनको विश्वसनियता र निष्पक्षता जनविश्वासको अभिबृद्धि हुन जान्छ । स्रोत साधन व्यवस्थापन निर्वाचन सफलताको लागि प्रमुख विषय हो।

अन्तमा, लोकतन्त्रको प्राणको रुपमा रहेको आवधिक निर्वाचन स्वतन्त्र र निष्पक्ष तवरले सम्पन्न गर्नु हामी सवैको साझा दायित्व हो । निर्वाचन स्वतन्त्र र स्वच्छ भएन भने जनताले अपेक्षा गरे बमोजिमको दल र सक्षम प्रतिनिधि चुनावमा पराजय हुने र जनमतको अपमान हुने खतरा हुन्छ । संविधानले परिकल्पना गरेको स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचन कोरा कल्पनामा सिमित हुनुका साथै विकास, शान्ति, सुशासन र समृद्धिको चाहाना गर्भमै तुहिने निश्चित हुन जान्छ। लेखक: विर बहादुर वि.क. (शाखा अधिकृत) उच्च अदालत, नेपालगंज इजलास *साभार:थाहाखबर*

# बेलामा नबोल्ने सेलिब्रिटीको नाममा

**रविन्द्रसिंह बानिया**

जिब्रोले पहिचान गर्ने केही मूलभूत स्वादमध्ये तीतो पनि एक हो । तीतो स्वाद त्यति रुचिकर त लाग्दैन, तर यसमा औषधीय गुण सम्मिलित हुन्छ । औषधि तीतो हुन्छ । जडीबुटी तीतो हुन्छ । कुरा पनि 'तीतो' त्यति सहजै पच्दैन । तर तीतो कुराले नै सत्यको उद्घाटन गर्छ । कुरा सुरु गरौं, तीतो-सत्यबाटै । थुप्रै नेपाली सेलिब्रिटी छन्, जो फेसबुक जस्ता सामाजिक सञ्जालमा हरदम सक्रिय रहन्छन् ।

उनीहरुलाई माया गर्ने, मन पराउने, समर्थन गर्ने असंख्य शुभेच्छुकले सामाजिक सञ्जालको 'लाइक', 'फलो' टुल्स क्लिक गरिदिएका छन् । त्यसैले उनीहरुको सामाजिक सञ्जालमा 'फलोअर्स' संख्या लाखौं देखिन्छन् । यसको सोझो अर्थ त यो हो कि यी सेलिब्रिटीलाई यति धेरैले सर्वसाधारणले विश्वास गरेका छन् । माया दर्शाएका छन् । यद्यपि हाम्रा सेलिब्रिटीहरुले सर्वसाधारणको यो स्नेह र विश्वासलाई पैसा कमाउने मेलो बनाएका छन् । उनीहरुले त्यही फलोअर्सको संख्या देखाएर विभिन्न कम्पनीको विज्ञापन हत्याउँछन् । र, व्यापारिक प्रयोजनका ती सामग्री आफ्नो सामाजिक सञ्जालमा पोस्ट गरिदिन्छन् । यसबाट उनीहरुले निकै राम्रै आयआर्जन लिने गरेका छन् । सामान्यत: एउटा पोस्ट गरिदिए बापत उनीहरुले डेढ-दुई लाखसम्म लिने गरेका छन् । झट्ट हेर्दा त यो उनीहरुको निजी मामला जस्तो लाग्छ । तर सामाजिक चिनारी बनाइसकेका व्यक्तित्वका लागि यो त्यति शोभनीय खेतीपाती होइन । किनभने दर्शक, शुभेच्छुकले जसरी विश्वास र प्रेम गरेका हुन्छन्, त्यसैलाई भँजाएर 'पैसा कमाउने' धन्दामा लम्पट हुनु कति उचित होला ?

यससँगै अर्को पेचिलो प्रश्न गर्नुपर्ने हुन्छ । यी सेलिब्रिटीले सामाजिक उत्तरदायित्वको काममा पनि यसैगरी आफ्नो सामाजिक सञ्जालको उपयोग गर्छन् त ? जवाफ सकारात्मक छैन । लाखौं फलोअर्स देखाएर सामाजिक सञ्जालमा सशुल्क प्रचार सामग्री राख्ने सेलिब्रिटीहरु सर्वसाधारणलाई साह्रो-गाह्रो पर्दा चुइँक्क बोल्दैनन् । उनीहरु यतिबेला मौनव्रत बस्छन् । चाहे ती सर्वसाधारण कोरोना महाव्याधिले विचल्लीमा परेर पैदल हिंड्दै घर फर्किरहेको बेला होस् वा नाकाबन्दीले चिथोरेर के खाउँ-के लाउँको स्थितिमा पुगेको बेला होस् । यी सेलिब्रिटी बोल्दैनन् । अचाक्ली महँगीले निमुखाको ओठमुख सुकेको बेला होस् वा अस्पतालमा उपचार नपाएर नांङ्गो हात फैलाउँदै ज्यानको भिख माग्दा । यी सेलिब्रिटी बोल्दैनन् ।

खेती उब्जाउ गर्ने याममा मल नपाएर किसानहरुमा हाहाकार चल्दा होस् वा प्राकृतिक विपद्ले गरिबहरुको घरबार डुबाइदिंदा । यी सेलिब्रिटी बोल्दैनन् । राज्य व्यवस्थाको अकर्मण्यताले रैतीमाथि थिचोमिचो हुँदा होस् वा प्रशासनको लाचरीले न्याय गुमाउनु पर्दा । यी सेलिब्रिटी बोल्दैनन् । खासमा 'सेलिब्रिटी' छवि बनाइसकेका व्यक्तिसँग 'मास र मिडिया' दुवै हुन्छ । उनीहरुको बोली एकसाथ धेरै जनामा प्रक्षेपण हुन्छ । त्यो आवाज नहुनेहरुको आवाज बन्छ । र, त्यसले एक हदसम्म कम्पन पैदा गर्छ । यस्तो कम्पन, जसले राज्यको बेथितिमाथि थप्पड लगाउन सक्छ । सर्वसाधारणको पीरमर्कामा मलम लगाउन सक्छ । समाजमा व्यप्त कतिपय भ्रमहरु चिर्न सक्छ । परिवर्तनका लहरहरुलाई डोहोर्‍याउन सक्छन् । केही गरौं भन्नेहरुलाई होस्टेमा हैंसे गर्न सक्छन् । सेलिब्रिटीसँग यस्तो शक्ति हुन्छ । यद्यपि यो शक्तिलाई उनीहरुले आफ्नो हितमा मात्र प्रयोग गर्ने वा समाज र सर्वसाधारणका लागि पनि ? सेलिब्रिटी कुनै अलौकिक प्राणी होइन, जो अर्कै दुनियाँबाट यस धरातलमा अवतरण गरेका होस् । उनीहरुको धरातल यही हो । यही समाज हो । यही सर्वसाधारण हुन् । यसर्थ आफ्नो सार्वजनिक व्यक्तित्व बनाइसकेपछि उनीहरुले आफ्नो धरातल छाड्नु हुँदैन । त्यही समाज र सर्वसाधारणसँगै घुलमिल भएर बाँच्नुपर्छ । यसले नै उनीहरुलाई सार्थक सेलिब्रिटी बनाउँछ ।

सेलिब्रिटीले समाजको ढुकढुकी सुन्नुपर्छ । समाज के चाहन्छ ? के कुराले समाजलाई अन्धकारबाट उन्मुक्ति दिएको छैन ? समाजले कसो गर्दा रचनात्मक छलाङ मार्छ ? समाज कसरी सुन्दर बन्छ ? सेलिब्रिटीले यस्ता विषयमा पनि घोत्लिनुपर्छ । अनि समाज रुपान्तरणका लागि आ-आफ्नो ठाउँबाट बोल्नुपर्छ । विडम्बना चाहिं के छ भने सामाजिक मुद्दाहरुमा हाम्रा सेलिब्रिटीको बोली बन्द हुन्छ । 'मैले यस्तो भने भने यस्तो लेखे भने भोलि मेरो करियर सकिन्छ । मेरो व्यावसायिक जीवन धरापमा पर्छ' भनेर उनीहरु बोल्न डराउँछन् । हाम्रो पुस्ताले कति धेरै सामाजिक, राजनीतिक उथलपुथल भोग्यौं । तर यत्तिका उथलपुथलपछि पनि हाम्रो जीवन जहाँको त्यहीं छ । किन यस्तो भयो ? जवाफ सरल छ । किनभने हामी यी चरणहरुमा कतै लुक्यौं । चुपचाप बस्यौं । गुमनाम भयौं । हामीलाई लागेन, यसबेला मेरो उपस्थिति जरुरी छ । यसबेला मैले बोल्नुपर्छ । यसबेला मैले सक्रियता देखाउनुपर्छ ।

आफ्नो करियर पो बर्बाद होला कि भनेर हामी कतै कुनामा थन्को लाग्यौं । त्यसैले आजसम्म मुलुकले सही निकास पाउन सकेन । दु:खहरु उस्तै रहे । अभावहरु उस्तै रहे । कुरीति र बेथिति उस्तै रहे । भ्रष्टाचार र व्यभिचार उस्तै रहे । फेरिए त केवल सरकार । फेरिए त केवल हुनेखाने । सर्वसाधारण, सोझासाझ, श्रम गरी खानेहरुको दशा कहिल्यै फेरिएन । यतिबेला पनि मुलुक एउटा राजनीतिक मोडमा उभिएको छ । राज्य परिवर्तनका लागि यो एउटा टर्निङ प्वाइन्ट हो । यतिबेला एउटा लहर चलेको छ, शासन व्यवस्थाको सिन्डिकेट तोड्ने । अब बेला भएको छ, सत्ताको पुरानै धङ्धडीले लठ्ठ भएर, शक्तिको उन्मादले उम्लिएर हिंड्नेहरुलाई धावा बोल्ने । यतिबेला थुप्रै युवा बेग्लै उत्साह, ऊर्जा, दृष्टिकोण र कार्ययोजनासहित चुनावी मैदानमा छन् । यो युवा लहरमा हामी सेलिब्रिटीले नवीन संवाहक बनेर अगाडि आउनुपर्ने हो ।

किनभने यतिबेला हामीले पूर्ववत् लाचारी देखायौं भने मुलुक यथास्थितिमा रहने पक्का छ । त्यही दल, त्यही अनुहार, त्यही विचार, त्यही कार्यशैली, त्यही सुस्तता, त्यही, लाचारी । अनि हामी सुस्केरा हाल्दै भन्नेछौं, 'यो देशमा केही भएन ।' यो देशमा केही हुन हामी पनि जिम्मेवार छौं । हामी हरेक सेलिब्रिटी वास्तवमा जनप्रतिनिधि हौं । हामीले पनि सर्वसाधारणलाई सही बाटो पहिल्याउनका लागि प्रतिनिधित्व गर्न सक्छौं । तर हाम्रो चेत अझै उस्तै छ । कोही सेलिब्रिटी पार्टीको फेरो समातेर दौडिएका छन्, कोही नेताको झोला बोकेर पछि लागेका छन्, कोही केही थाहा नपाए झैं चुपचाप बसेका छन् ।

हामीलाई चाहिएको के हो ? हामीले खोजेको राज्य व्यवस्था कस्तो हो ? त्यस अनुरुप पो हामीले अग्रसरता देखाउनुपर्ने होइन र ? सामाजिक सञ्जालबाट हुन्छ वा मैदानमा उत्रिएर, हामीले नव-लहरलाई होस्टेमा हैसें गर्नुपर्ने होइन र ? किन हामी चुपचाप छौं ?

(बाँनिया फिल्म निर्माता तथा कलाकार हुन् ।)

*साभार: अनलाइनखबर*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर ३ गते शनिबार १९ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष दशमी । कछलागा ११४३ ने.सं. । सूर्योदय ६:२९, सूर्यास्त ५:८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जग्गा जमिनबाट लाभ हुनेछ | **तुला** | : स्वास्थ्योपचारमा खर्च हुनेछ |
| **वृष** | : सोचेभन्दा बढी खर्च हुनेछ | **वृश्चिक** | : मानसिक असन्तुष्टि बढ्नेछ |
| **मिथुन** | : मित्रतामा कमी आउनेछ | **धनु** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ |
| **कर्कट** | : कामको जिम्मेवारी बढ्नेछ | **मकर** | : काम अपुरै रहने देखिन्छ |
| **सिंह** | : मनोरञ्जन प्राप्त हुनेछ | **कुम्भ** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **कन्या** | : व्यापारबाट लाभ मिल्नेछ | **मीन** | : समयले साथ दिनेछ |

# रवि लामिछानेको आमसभामा दीपाश्रीदेखि किरण केसीसम्म

काठमाडौं/चुनाव प्रचार प्रसारको अन्तिम दिन बिहीबार राजनीतिक दल र उम्मेदवारले देशव्यापी आमसभा गरिरहेका छन् । काठमाडौंदेखि जिल्ला जिल्लामा चुनावी कार्यक्रम हुँदैछन् । दलका आमसभामा कलाकारको समेत सहभागिता देखिएको छ ।


काठमाडौंको कोटेश्वरमा भएको सत्तारुढ गठबन्धनको आमसभामा शीर्ष नेताहरुसहित पार्टी निकट केही कलाकार पनि सहभागी भएका छन् । केही कलाकारले नाचगान समेत प्रस्तुत गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले चितवनको नारायणी नदी किनारमा आमसभा गरेको छ । जहाँ कलाकारहरु दीपाश्री निरौला, निर्मल शर्मा, रमेश उप्रेती, रचना रिमाल, किरण केसीलगायत सहभागी भएका छन् ।

चितवनतर्फ जाँदै अभिनेता शर्माले लेखेका छन्, 'परिवर्तनका लागि घण्टी बजाउन हामी चितवन ओर्लिएका छौं । यसपालि भोट युवाहरुलाई ।'

## प्रदीपले दिए पुकारलाई शुभकामना





**प्रदीप खड्काले दिए पुकार बमलाई शुभकामना**

'प्रेमगीत' अभिनेता प्रदीप खडका र निर्माता सन्तोष सेनले काठमाडौं-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार पुकार बमलाई शुभकामना दिएका छन् ।

बिहीबार उनीहरुले बमलाई भेटेर पुराना दलहरुमा देखिएको सिन्डिकेट र मिलिभगतले जनतालाई चरम निराशा दिएको बताएका छन् । 'यो चंगुलबाट निकाल्नका लागि भरपर्दो विकल्प निर्माणमा काम गर्न पुकारजीलाई शुभकामना छ,' प्रदीपले भने ।

भेटमा खड्काले समाजमा देखिएको भ्रष्टाचार र बेथिति अन्त्यको लागि भूमिका खेल्न सुझाए । निर्माता सेनले कलाकारले समाजमा सहीलाई सही र गलतलाई गलत भन्न सक्नुपर्ने बताए ।

उम्मेदवार बमले 'प्रेमगीत ३' लाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याएर नेपाली फिल्मको अन्तर्राष्ट्रियकरणमा प्रदीप र सन्तोषको टिमले खेलेको भूमिकाको लागि धन्यवाद दिएका थिए ।

बमलाई अभिनेता राजेश हमाल, दयाहाङ राई र अभिनेत्री दीपाश्री निरौला लगायतले समर्थन गरेका छन् ।

# चुनावका कारण शनिबार बेलुका ५ बजेदेखि फिल्म हल बन्द हुने



काठमाडौं/निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै मुलुकभरका फिल्म हल शनिबार ५ बजेपछि बन्द हुने भएका छन् । शनिबार सन्ध्या र रात्रिकालीन शो नहुने र आइतबार सम्पूर्ण फिल्म हल बन्द हुने चलचित्र संघका सदस्य सुरेन्द्र थापाले जानकारी दिए ।

क्यूएफएक्ससहितका मल्टिप्लेक्सले शनिबार ५ बजेसम्म मात्रै शो राखेका छन् । निर्वाचनको दिन आइतबार फिल्म हल बन्द हुने र त्यस दिन अत्यावश्यक बाहेकका सवारी साधन पनि चलाउन नपाइने सूचना जिल्ला प्रशासन कार्यालयहरुले जारी गरिसकेका छन् ।

निर्वाचन माहोलका कारण अहिले फिल्म हलहरुको अकुपेन्सीमा समेत गिरावट आइरहेको छ । चलिरहेका फिल्मले समेत दर्शकलाई तान्न सकिरहेका छैनन् ।

तर निर्वाचनपछि फिल्म क्षेत्र लयमा फर्किने देखिएको छ । निर्माताले छायांकनदेखि अन्य कार्यक्रम पनि चुनाव पछाडिलाई तय गर्न थालेका छन् ।

**चुनावपछि आउनेछ फिल्मको बाढी**

पुस १५ गते आर्यन सिग्देलको 'डिसेम्बर फल्स' र प्रियंका कार्कीको 'चि मुसी चि' रिलिज हुनेछन् ।


पुस २९ मा गुञ्जन र तिम्रो मेरो साथ प्रदर्शन हुनेछन् भने फागुनमा ठूला फिल्मबीच प्रतिस्पर्धा हुँदैछ । फागुन ५ गते फूलबारी, परदेशी २ र लण्डन टु पेरिस प्रदर्शनको तयारीमा छन् ।

फागुन १९ मा छक्कापञ्जा ४, छड्के २ र परस्त्री प्रदर्शन तयारीमा छन् । यो मितिमा आउने भनिएको मिलन चाम्सको फिल्म 'वर एण्ड वधु'को प्रदर्शन पछि सरेको छ । निर्देशक चाम्सले यो फिल्म अर्को वर्ष रिलिज हुने जानकारी दिए । छक्कापञ्जा ४ को बाँकी छायांकन चुनावपछि गर्ने तयारी छ ।

वैशाख १ गते रामबाबु गुरुङको फिल्म 'जारी', विकास आचार्यको 'नाइँ नभन्नु ल ६' र झरना थापाको 'भगवत् गीता' रिलिज हुने तयारीमा छन् ।

# बागमती प्रदेशमा ३४ लाख ७१ हजार जनाले मतदान गर्ने

साझाकुरा संवाददाता




हेटौंडा/मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा बागमती प्रदेशको ३४ लाख ७१ हजार ७ सय ९२ जनाले मतदान गर्ने भएका छन् ।

प्रदेशको १७ लाख ३७ हजार तीन सय ७८ महिला र१७ लाख ३८ हजार ८७ पुरुष मतदाताले मतदान गर्ने मकवानपुरस्थित बागमती प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । ती मतदाताका लागि जम्मा चार हजार एक सय ४३ वटा मतदान केन्द्र कायम गरिएको छ ।

काठमाडौं उपत्यका लगायत १३ वटै जिल्लामा अस्थायी मतदाता रहेकाले उनीहरूलाई आवश्यकताअनुसार छुट्टाछुट्टै मतदान केन्द्र तोकिएको र ती मतदान केन्द्रमध्ये कारागारमा रहेका कैदीबन्दी, तेस्रो लिङ्गी समुदाय र निजामती कर्मचारीलाई समानुपातिक सांसदको निर्वाचनमा मात्र मतदान गर्ने अवसर दिलाइएको बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख अधिकृत लुम्बनाथ पोखरेलले जानकारी दिए ।

# धमाधम आउँदै रासायनिक मल

## ४ महिनामै भित्रियो डेढ लाख मेट्रिक टन



काठमाडौं/चालू आर्थिक वर्ष २०७९/८० को ४ महिनाको अवधिमा १ लाख ३० हजार मेट्रिक टन रासायनिक मल भित्रिएको छ । कृषि सामग्री कम्पनी एक्लैले चालू आर्थिक वर्षको ४ महिनाको अवधिमा १ लाख ३० हजारभन्दा बढी रासायनिक मल ल्याएको हो । यससँगै विगत लामो समयदेखि रासायनिक मलको अभाव झेल्दै आएका किसानले यसपटक भने सहज रूपमा मल पाउन थालेका छन् ।

कम्पनीले डीएपी र युरिया गरेर उक्त परिमाण बराबरको मल ल्याएको प्रबन्ध निर्देशक राजेन्द्र कार्कीले जानकारी दिए । उनले साउन महिनादेखि नै धमाधम रासायनिक मल आइरहेकाले बजारमा अघिल्ला वर्षहरूको जस्तो अभाव नरहेको बताए ।

कम्पनीसँग हाल २२ हजार ५०० मेट्रिक टन डीएपी मल मौज्दात छ । यस्तै, ३ हजार ५०० मेट्रिक टन पोटास समेत मौज्दात रहेको कार्कीको भनाइ छ ।

यसबाहेक थप २ हजार ५०० मेट्रिक टन मल आइरहेको कम्पनीले जनाएको छ । '२५ सय मेट्रिक टन युरिया मल आइरहेको छ,'कार्कीले भने- 'निर्वाचनका कारणले उक्त मल ल्याउन पाइएको छैन । निर्वाचन सकिएलगत्तै नेपालको सीमातर्फ छिर्छ ।' ग्लोबल टेण्डरमार्फत ल्याउन लागिएको उक्त युरिया मलसमेत धमाधम आउन थालेको कार्कीले बताए ।

चालू आर्थिक वर्षयता ३ पटक गरेर कूल ९० हजार मेट्रिक टन युरिया मल आइसकेको छ । यस्तै, २ पटक गरेर कूल ४० हजार मेट्रिक टन डीएपी मल नेपाल भित्रिइसकेको छ । यस्तै, थप ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी मल आउने प्रक्रियामा रहेको कम्पनीले जानकारी दिएको छ । 'आइसकेको र आउनेगरी कूल १ लाख ८० हजार मेट्रिक टन रासायनिक मल नेपाल भित्रिइसकेको छ,' कार्कीले भने ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार नेपालमा वार्षिक ५ लाख २० हजार मेट्रिक टन रासायनिक मल चाहिन्छ । यस्तै, राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्यांक विभागका अनुसार वर्षमा १२ लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्छ । यसअनुसार, नेपाललाई पर्याप्त मल नआएपनि कम्पनीले ल्याएको मलले अभाव टारिरहेको बताइएको छ ।

यसैगरी, कम्पनीका प्रबन्ध निर्देशक कार्कीले अन्तर्राष्ट्रिय बजारको मूल्यको तुलनामा सस्तो भाउमै रासायनिक मल आइरहेको छ । अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य प्रति मेट्रिक टन १२ सय डलर पर्छ । तर, नेपाल आइरहेको मलको मूल्य प्रति मेट्रिक टन ९०० डलरसम्म रहेको बताइएको छ । यसअनुसार,अन्तर्राष्ट्रिय बजार भाउ भन्दा सस्तोमै नेपालले मल ल्याइरहेको कम्पनीले जानकारी दिएको छ ।

**'कृषि सामग्री कम्पनीको मलमा गुनासो छैन'**

यतिबेला बजार भाउको तुलनामा महँगो मूल्य हालेर रासायनिक मल किन्नुपरेको किसानको गुनासो आइरहेको छ । तर, प्रबन्ध निर्देशक भने सामग्री कम्पनीले ल्याएको मलमा गुनासो नरहेको बताउँछन् ।

'हामीले बेचेको मलको मूल्य महँगो भएमा जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारको माध्यमबाट उजुरी दिनुहुन आग्रह गरेका छौं' कार्कीले भने-'तर, हामीले ल्याएर बेचेको मलको मूल्य बढी भएको गुनासो आएको छैन ।'

(स्रोत: रातोपाटी)

# १० दिने सूचनाले त्रासमा सुकुम्बासी बस्ती, भोट फकाउँदै नेता

काठमाडौं/ काठमाडौंको बागमती किनारको सुकुम्बासी बस्ती अहिले आन्दोलनमा छ । चुनावको मुखमा उठीबास लगाउने गरी बस्तीमा १० दिनको समयसीमा दिएर सूचना टाँसिएपछि उनीहरुको होसहवास् उडेको छ । तर, यो बेला त्यही सूचना देखाएर आफू र आफ्नो दलले जितेमा व्यवस्थापन गर्ने आश्वासन बाँड्न पुग्ने नेता-कार्यकर्ताहरुको लाइन छ । तर, बस्तीका बासिन्दाहरू आश्वस्त हुन सकेका छैनन्। यसैकारण सुकुम्बासीहरु बिहीबार सडक आन्दोलनमा नै उत्रिए । तर, काठमाडौंका सबैभन्दा धेरै मतदाता भएको क्षेत्र भएपनि उम्मेदवारहरु सुकुम्बासी बस्तीलाई नै मुख्य लक्षित गरेर चुनावी अभियान केन्द्रित गरिरहेका छन् ।

बागमती किनारको सुकुम्बासी बस्ती व्यवस्थापनको मुद्दा नयाँ हैन । तर, यसको मोडालिटी के हुने भन्ने नटुंगिँदै एकीकृत बागमती सभ्यता विकास समितिले चुनावकै दिन मै अन्तिम म्याद राखेर बस्ती खाली गर्न सूचना जारी गरेको छ । समितिले सूचना जारी गर्दै नदी किनारामा अनधिकृत रूपमा निर्माण भएका घरटहरा तथा निर्माण सामग्री र सवारी साधनहरू हटाउन ४ मंसिरसम्मको समयसीमा दिएको छ । तर, यो सूचनाले सुकुम्बासीलाई संकटमा पारे पनि दलहरुले भने चुनावी मुद्दा बनाउन पाएका छन् ।

यो क्षेत्रमा करिब ३ हजार सुकम्बासी मतदाता छन् । तोकिएको समयसम्म बस्ती खाली गरेर नहिँडे काठमाडौं महानगर पालिका, अन्य सरोकारवाला निकायहरुसँगको सहयोगमा टहरा भत्काउने योजना समितिले बनाइ सकेको छ । सूचना अनुसार अनधिकृत संरचना खाली गराउँदा लाग्ने सम्पूर्ण खर्च समेत सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गरिने चेतावनी समितिले दिएको छ ।

समितिका सुपरभाइजर सागर कटुवाल सुकुम्बासी क्षेत्रमा करिब १ सय ३६ घर टहरा हटाउनुपर्ने बताउँछन् । समितिले नदी किनारमा रहेको सार्वजनिक भवन, किरियापुत्री भवन, साईसेवा केन्द्रको भवनहरु महानगरको सहयोगमा भत्काइसकेको छ ।

यसअघि नै आतंकित बनेका सुकुम्बासी बस्तीका बासिन्दाले बिहीबार संयुक्त रुपमा काठमाडौंमा विरोध सभा गरे । उनीहरुले बिहीबार बिहान माइतीघरमा जम्मा भएर बानेश्वरसम्म खबरदारी ऱ्याली निकाले ।

आतंकित मनोदशामा रहेका सुकुम्बासी बस्तीका मतदाताहरुले आफूलाई सुरक्षा दिने उम्मेद्वार खोजिरहेका छन् । यही बेला क्षेत्रबाट चुनाव लड्नेहरुले मतदाता फकाउन कम्मर कसेर लागेका छन् ।

**चुनाव प्रभावित गर्न सूचना : एमाले**

समितिको सूचनामाथि एमालेले आफ्नो धारणा सार्वजनिक गरिसकेको छ । 'कानुन अनुसार हटाउनैपर्ने भएमा पनि स्थान्तरण योजना विना हटाउन मिल्दैन । समितिले स्थानीय तहमार्फत लगत नलिई, कुनै छानविन नगरी, स्वयम् सुकुम्वासी र अव्यवस्थित बसोवासीसँग कुनै परामर्श नगरी घर टहरा भत्काउन गरेको सूचना देशभरका सुकुम्वासी एवम् अव्यवस्थित बस्तीमा आतंक सिर्जना गरी उनीहरुलाई त्रासमा राखी आसन्न चुनावलाई समेत प्रभाव पार्ने नियतले गठबन्धन सरकारले सुनियोजित ढंगले गरेको देखिन्छ ,' चुनाव लक्षित गरेर एमालेले भनेको छ ,'यस्तो कार्यको पार्टी घोर भर्त्सना गर्दछ ।'

एमालले आफ्नो पार्टी सरकारमा हुँदा भूमि सम्बन्धी ऐनमा आठौं संशोधन गरी भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई जग्गा एवम् आवास उपलव्ध गराउने सम्बन्धी आवश्यक सबै कानुनी व्यवस्था पहिलो पटक गरेको दाबी गर्दै गठबन्धन सरकारले गर्दा उक्त कार्यले निरन्तरता पाउन नसकेको आरोप पनि लगाएको छ । एमालेबाट काठमाडौं १ मा किरण पौडेल चुनावी मैदानमा छन् । उनले सुकुम्बासी बस्तीमा पुगेर आफू गरिबका पक्षमा लड्ने आश्वासन पनि दिएका छन् ।

**कांग्रेस पनि विपक्षमा !**

कांग्रेस पनि आफ्नो लागि आउनसक्ने सुकुम्बासीको मत प्रभावित गर्ने पक्षमा छैन । नेपाली कांग्रेसका नेता तथा यही क्षेत्रका प्रतिनिधिसभा उम्मेदवार प्रकाशमान सिंहले काठमाडौंका भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासी हरुलाई निर्वाचनको समयमा हटाउन खोजिएको भन्दै आपत्ति जनाएका छन् । यो काम निर्वाचन आचार संहिता विपरीत हुने भन्दै भूमि आयोगको प्रतिवेदनका सुझाव नआएसम्म प्रतिक्षा गर्नुपर्ने बताएका छन् ।

सुकुम्बासी बस्ती लक्षित गरेर आयोजना भएको चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै काठमाडौं क्षेत्र नम्बर १ उम्मेदवारसमेत रहेका सिंहले भनेका छन् , 'बागमती सभ्यता सर्वाधिकार सम्पन्न समिति किन नहोस्, खासगरेर महानगर पालिका किन नहोस्, राष्ट्रिय भूमि आयोगको प्रतिवेदनमा जुन सुझावहरु दिइएको हुन्छ, ती सुझावहरुलाई कार्यान्वयन गर्ने समयसम्म हामी सबै त्यसको प्रतिक्षामा बस्नुपर्छ ।'

अव्यवस्थित बसोबास, जोखिमपूर्ण बसोबास, सुकुम्बासी र भूमिहीनको उचित समाधान निकाल्नका लागि सरकारले नीति बनाएर व्यवस्थित गर्नुपर्ने उनको भनाइ छ । मतदाता फकाउँदै सिंहले चुनावी सभामा सुकुम्बासी र भूमिहीनका इच्छा, आकांक्षा र चाहनालाई पूरा गर्नका लागि प्रतिबद्ध रहेको बताएका छन् । उनले भूमिहीन र सुकुम्बासीहरुको समस्याको समाधान लोकतान्त्रिक-वाम गठबन्धनले मात्रै गर्ने जिकीर समेत गरेका छन् ।

**अरूको पनि सुकुम्बासीप्रति प्रेम**

अन्य दलका तथा स्वतन्त्र उम्मेदवारले पनि समितिको सूचनाको विरोध गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट उक्त क्षेत्रमा उम्मेदवारी दिएका पुकार बम बिहीबार भएको विरोध ऱ्यालीमा सहभागी नै हुन पुगेका थिए ।

'२०४६ सालदेखि रहेको बस्ती चुनावको मुखमा १० दिनभित्र खाली गर भन्नू अनुचित मात्रै होइन, गैरकानुनी र अमानवीय पनि छ,' उनले भने । बमले बस्तीको दीर्घकालीन समाधान गनुपर्ने भन्दै विस्थापन नभई व्यवस्थापन गर्नपर्ने बताएका छन् । सरकारले जिम्मेवारी पुरा गर्नुको साटो सट्टा चुनावी फण्डा बनाएको उनले आरोप लगाए ।

'भोटको लागि मात्रै चुनावी फण्डा बनाउनु एकदम गलत छ, अहिले चुनावको लागि सरकारले आफैं दोहोरो भूमिका खेलेर निकालेको सूचनाप्रति मेरो आपत्ति छ, यदि चुनावको दिनमा बस्ती हटाउन कोही जान्छ भने त्यसको विरोधमा सबैभन्दा अगाडि पुकार बम उभिन्छ,' उनले भने ।

यही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यको दावेदार रहेका नेपाल सुशासन पार्टीका अध्यक्ष रमेश खरेलले पनि सुकुम्बासी बासिन्दाको मतलाई आफ्नो पक्षमा पार्न खोजिरहेका छन् । उनले वागमती किनारमा रहेको सुकुम्बासी बस्तीमा घरदैलो गरिसकेका छन् ।

उनको घरदैलोमा बस्तीका बासिन्दाहरुले स्थायी रुपमा बस्न पाउने व्यवस्था गर्न माग गरेका थिए । खरेलले समस्या समाधान लागि आफू लागि पर्ने बताएका थिए ।

राप्रपाका उम्मेद्वार रविन्द्र मिश्र पनि सुकुम्बासी बस्तीको घरदैलोमा समस्या समाधान गर्ने बाचा गरिरहेका छन् । २९ कात्तिकमा घरदैलो गर्ने क्रममा । स्थानीयले भावुक मुद्रामा आफूहरुको सुरक्षाको लागि लड्न आग्रह गरेका थिए । मिश्रले सुकुम्बासी बस्तीको दीर्घकालीन रुपमा समस्या समाधान आफू सक्षम भएको दाबी गरेका थिए ।

(स्रोत: अनलाइनखबर)

# चुनावका लागि उपत्यकाबाट बाहिरिने बढे




काठमाडौं/प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि काठमाडौं उपत्यकाबाट भित्रिने र बाहिरिने यात्रुको संख्या बढेको छ । मत खसाल्न आफ्नो मतदाता नामावली भएको ठाउँमा जानेहरू बढेका छन् ।

यात्रुको चाप बढेसँगै सडकमा गुड्ने सवारी साधनको संख्या पनि वृद्धि भएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले अहिले सवारीको चाप केही बढेको बताए । 'उपत्यकाबाट औसत अवस्थामा दैनिक ४० हजारदेखि ४५ हजार जना यात्रु भित्रिने र सोही बराबर बाहिरिन्छन् । तर पछिल्लो २४ घण्टामा ४१ हजार पाँच सय तीन जना यात्रु उपत्यकामा आएका छन् भने ५५ हजार एक सय ४७ जना बाहिरिएका छन्', भट्टले भने, 'अहिले औसतभन्दा केही चाप बढेको छ ।'

आजसम्म शैक्षिक संस्था र सरकारी कार्यालय सञ्चालनमै रहेकाले निर्वाचनका लागि बाहिरिने यात्रुको संख्या उल्लेख्य देखिनसकेको उनको भनाइ छ । 'आजसम्म स्कुल र सरकारी कार्यालयहरू खुलै रहेकाले धेरै चाप छैन । भोलिदेखि बढ्न सक्छ', भट्टले भने ।

बुधबार ५१ हजार चार सय ५० जना उपत्यका छिरेको र ५१ हजार तीन सय १९ जना बाहिरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । उपत्यकामा पछिल्लो २४ घण्टामा आवतजावत गर्ने सवारी साधनको संख्या हेर्दा आठ हजार १० सवारी साधन भित्रिएको र सात हजार सात सय नौ वटा सवारी साधन बाहिरिएका छन् । त्यस्तै बुधबार आठ हजार तीन सय ३६ वटा सवारी साधन उपत्यकामा भित्रिएका थिए भने सोही संख्यामा सवारी बाहिरिएका छन् ।

नेपाल यातायात राष्ट्रिय व्यवसायी महासैका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले कात्तिक अन्तिम सातायता सवारी साधन परिचालनमा चाप देखिएको बताए । 'पछिल्लो तीन-चार दिनयता देशभर रिजर्भ गाडीहरू बढी चलेका छन् । दैनिक बुकिङका गाडी पनि गइरहेकै छन् । यो क्रम शनिबारसम्मै चल्छ', सिटौलाले भने, 'अहिले सबैजसो दलले रिजर्भ गरेरै गाडी लगिरहेका छन् । दैनिकरूपमा टिकट काटेर चल्ने गाडीभन्दा रिजर्भ गाडीहरू बढी चलेका छन् । चुनावलाई मात्रै लक्षित गरेर पाँचदेखि छ लाख मानिस आवत-जावत गर्ने अनुमान हामीले गरेका छौं ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइटमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

# कुम्लो बोकी मतदान केन्द्र तिर...










हेटौंडा, १ मंसिर/४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा सुरक्षा निकायहरु मतदान केन्द्रमा खटिएका छन् । निर्वाचनमा मकवानपुरभर ३ हजार २ सय सुरक्षाकर्मी खटिएका छन् । १ मंसिर बुधवार जिल्लाका १ सय ६७ वटा मतदान स्थल र ३ सय ६६ वटा मतदान केन्द्रहरुमा म्यादी प्रहरीहरु आवश्यक सबै सामग्रीको कुम्लो बोकेर पुगेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुर परिसरबाट म्यादी प्रहरीहरुले सुरक्षा सामग्री बुझेर आफू खटिएको मतदान केन्द्रतर्फ लागेका हुन् । मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले म्यादी प्रहरी र नेपाल प्रहरी मतदान केन्द्रमा खटिएको बताए । जिल्लाभर १ हजार ६ सय ९९ जना म्यादी प्रहरी निर्वाचनका लागि खटिएका हुन् । जिल्लाका विकट र दुर्गम क्षेत्रका मतदान केन्द्रहरुका लागि बुधवारभित्र नै प्रहरी परिचालन गरिसकेको कार्कीले बताए । नेपाल प्रहरी र म्यादी प्रहरीहरु मतदान अधिकृत, सहायक अधिकृत र कर्मचारीहरुसँग मतपत्र लगायतका सामग्रीहरु लिएर पुगेका हुन् । कार्कीका अनुसार जिल्लाभर ३ सय ४६ मतदान केन्द्रमा सुरक्षा निकायसहित मतपेटिका पुगिसकेको बताए । जहाँ प्रहरीहरुले सुरक्षा दिइरहेको उनले बताए । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार मकवानपुरमा निर्वाचनलाई केन्द्रित गरेर ३ हजार २ सय जना सुरक्षाकर्मी खटिएका छन् । जिल्लास्थित मतदान स्थलहरुमा नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी र म्यादी गरेर ३ हजार २ सय जना निर्वाचनमा परिचालन हुने भएका हुन् ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले सबै मतदान स्थलमा सुरक्षाकर्मी परिचालन गरेर निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण बनाइने बताए । मकवानपुरमा ६० वटा मतदान स्थल संवेदनशील छन् । सुरक्षाको दृष्टिकोणले मकवानपुरका १९ वटा मतदान स्थललाई अति संवेदनशीलको सूचिमा राखिएको छ । संवेदनशील मतदान स्थलको सूचिमा विकट गाउँपालिका र वडाहरुका मतदान स्थल रहेका छन् । संवेदनशील मतदान स्थलहरुमा सुरक्षाकर्मीहरु विशेष रुपमा खटिने छन् । निर्वाचनमा पहिलो सुरक्षा घेरामा म्यादी र जनपथ प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र मतदान स्थल वरपर गरेर तेस्रो घेरामा नेपाली सेना खटाइने जनाइएको छ । सबै भन्दा धेरै म्यादी प्रहरी एक हजार ६ सय ९९ जना, जनपथ (नेपाल) प्रहरी एक हजार ६९ जना, सशस्त्र प्रहरी ४ सय जना र अन्य नेपाली सेना खटाउने तयारी गरिएको छ । सुरक्षाकर्मीहरु विशेषत: मतदान केन्द्र, मतपेटिका, मतपत्रको सुरक्षामा प्रहरी परिचालन गरिने जनाइएको छ । सशस्त्र प्रहरी र नेपाल प्रहरी मकवानपुरका मतदान स्थल वरपरको सुरक्षाका लागि यसअघि नै खटाइसकिएको थियो । प्रदेश निर्वाचन कार्यालय हेटौंडाका अनुसार मकवानपुरमा ३ लाख ७ सय ३३ जना मतदाता रहेका छन् । जिल्लाको प्रदेशसभा क्षेत्र नम्बर १ को (क) मा ७७ हजार ९ सय ८९ जना र प्रदेशसभा १ को (ख) मा ७२ हजार १ सय ६६ मतदाता रहेका छन् । प्रदेशसभा क्षेत्र नम्बर २ को (क) मा ८३ हजार ९९ जना र प्रदेशसभा २ को (ख) मा ६७ हजार ४ सय ७९ जना मतदाता रहेका छन् ।

# हेटौंडाको ७५ प्रतिशत बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०७८/०७९ मा ७५ प्रतिशत मात्रै बजेट खर्च गरेको छ ।

उपमहानगरपालिकाले गत आवमा विनियोजित बजेटको ७५ प्रतिशत मात्र खर्च गरेको हो । उपमहानगरको गत आवको समिक्षा केही दिनअघि मात्रै गरिएको थियो । उपमहानगरले दुई अर्ब ९१ करोड ९३ लाख बजेट बिनियोजन गरेको छ । जसमध्ये दुई अर्ब २० करोड ५२ लाख मात्रै खर्च भएको हो । गत आर्थिक वर्षमा हेटौंडको एक अर्ब ३० करोड १७ लाख बजेट रहेका थियो । उक्त बजेटमा एक अर्ब ३० करोड १७ लाख मात्र खर्च गरेको उपमहानगरपालिकाले जनाएको छ । त्यस्तै पूँजीगततर्फ एक अर्ब ६१ करोड १५ लाख बजेट रहेकामा एक अर्ब ८ करोड ३७ लाख खर्च भएको जनाइएको छ ।

उपमहानगरपालिकाले आव २०७८/७९ मा आन्तरिकतर्फ २८ करोड ४२ लाख ८२ हजार राजस्व संकलन गरेको छ । विभिन्न सिफारिस दस्तुर वापत दुई करोड ८८ लाख र नक्सा पास दस्तुर वापत दुई करोड ३७ लाख र व्यवसाय करवापत एक करोड ७९ लाख ४४ हजार राजस्व संकलन गरेको हो । साथै १९ वडाबाट पाँच करोड ३२ लाख राजस्व संकलन तथा नदीजन्य पदार्थको बिक्रीबाट चार करोड ३० लाख राजस्व संकलन गरेको छ । हालसम्म उपमहानगरपालिकाले आवको अन्त्य सम्ममा २५ ऐन, चार नियमावली, २९ कार्यविधि र १४ निर्देशिका तयार गरिसकेको जनाएको छ ।

समाज कल्याण शाखा अन्तर्गत ४५ दशमलव ५८ प्रतिशत वित्तीय प्रगति भएको छ । यसका लागि एक करोड २१ लाख बजेट विनियोजन भएकोमा ५५ लाख ३८ हजार मात्र खर्च भएको छ । नगर प्रमुख मिना कुमारी लामाले उपमहानगरपालिकाको कामलाई प्रभावकारी बनाइने र जनताको कामलाई सरल तथा सहज बनाउनेतर्फ सबैले जोड दिनुपर्ने बताइन् । उपमहानगरले




चालू आर्थिक वर्ष २०७९/०८० का लागि २ अर्ब ७१ करोड ७९ लाख रुपैयाँ बराबरको बजेट बिनियोजन गरेको छ ।

पूर्वाधार विकासतर्फ १ अर्ब ८ करोड ४२ लाख, आर्थिक विकासतर्फ १९ करोड ६९ लाख, सामाजिक विकासतर्फ ६६ करोड १५ लाख, स्वास्थ्यतर्फ ९ करोड ५३ लाख, महिला तथा बालबालिका तर्फ ३ करोड ५८ लाख रुपैयाँ, वातावरण तथा विपद् व्यवस्थापन तर्फ १२ करोड ६ लाख, संस्थागत विकास र सेवा प्रवाहतर्फ ७ करोड ३३ लाख तथा अन्य विविध शीर्षकमा ९९ लाख रुपैयाँ विनियोजन गरिएको छ । उपमहानगरले खर्च व्यहार्ने स्रोततर्फ आन्तरिक स्रोतबाट ९४ करोड ३६, राजस्व बाँडफाँडबाट ५८ करोड ९३ लाख, प्रदेश विभिन्न अनुदानबाट ९ करोड ५८ लाख, संघीय सरकार अनुदानबाट १ अर्ब ६ करोड ९५ लाख र अन्य आय तथा संघसंस्थातर्फ १ करोड ९६ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

# समृद्ध समाज १३ औं वर्षमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिक प्रकाशनको १३ औं वर्षमा प्रवेश गरेको छ ।

वार्षिकोत्सवको अवसरमा बिहीबार दैनिकले कार्यक्रमको आयोजना गरेको थियो । वार्षिकोत्सवको अवसरमा हरेक वर्ष झैं दैनिकले सहभागीलाई मायाको चिनोको रुपमा पुस्तक वितरण गरेको छ ।

पठन संस्कृतिको विकास गर्नका लागि पुस्तक वितरणको अभ्यास गरिएको समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले बताए । वार्षिकोत्सवको अवसरमा वर्ष कर्मचारीको रुपमा वितरण व्यवस्थापक सञ्जय कुमार श्रेष्ठलाई नगद ५ हजार रुपैयाँसहित सम्मान पनि गरिएको छ । कार्यक्रममा मकवानपुरको विभिन्न क्षेत्रको व्यक्तित्वहरुको उपस्थिती रहेको थियो ।

# लागुऔषधसहित एक जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले अवैध लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ ।

बिहिबार बिहान पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५ रातोमाटेस्थित प्रहरी चौकी रातमाटेबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको टोलीले वीरगंजबाट नारायणगढतर्फ जाँदै गरेको ना ५ ख १७५८ नम्बरको बसलाई रोकेर सुरक्षाजाँच गर्दा अवैध लागुऔषधसहित एक जना पक्राउ परेको हो ।

पक्राउ पर्नेमा हेटौंडा-११ थानाभर्याङका २४ वर्षीय सुमन लामा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिए ।

लामाले आफु बसेको सिटकभरमा लुकाई छिपाई ल्याएको लागुऔषध नुरफिन २० एम्पुल, फेनारगन २० एम्पुल र डाईजेपाम २० एम्पुल लागुऔषध बरामद गरेको जनाएको छ । लामालाई लागुऔषधसहित नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रवक्ता कार्कीले बताए ।

नारायणी यातायात व्यवसायी संघको

**३५औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संघको ३५औं बार्षिक साधारण सभा तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले सदस्य महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु :**
१. आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९को बार्षिक प्रतिवेदन
२. आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९को आय व्यय
३. लेखा परीक्षकको नियुक्ति
४. विविध

**कार्यक्रम:**
**मिति:** २०७९/०८/१७ गते, शनिवार
**समय:** विहान ९:०० बजे
**स्थान:** हेटौंडा पार्टी प्यालेस (क्लब हेटौंडा), हेटौंडा-४, मकवानपुर

सरोजकुमार खनाल (महासचिव)
**नारायणी यातायात व्यवसायी संघ**

# भुटनदेवीलाई क्रिकेट उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १ मंसिर/ हेटौंडामा जारी अन्तर विद्यालय निरज श्रेष्ठ स्मृति जिल्लास्तरीय टि-२० क्रिकेट प्रतियोगिताको उपाधि जिल्लाकै जेठो विद्यालय भुटनदेवी माविले जितेको छ ।

भुटनदेवीले क्रिकेट उपाधि जित्दै पढाईमा मात्र नभई खेलकुद पनि अगाडि रहेको सन्देश दिएको छ । हेटौंडा उपमहानगर पालिका-४, स्थित हुप्रचौरमा बिहीवार भएको फाइनल खेलमा भुटनदेवी माविले सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीलाई ७८ रनले पराजित गरेको हो । भुटनदेवीले टस जितेर पहिले ब्याटिङ रोजेको थियो । भुटनदेवीले २० ओभरमा ७ विकेट गुमाएर १ सय रनको लक्ष्य दिएको थियो ।

भुटनदेवीको लक्ष्य पछ्याउँदै क्रिजमा आएको सोलिड्यारिटी १२ ओभरमै अलआउट हुन पुग्यो । १२ ओभरमै समेटिएको सोलिड्यारिटीले अलआउट हुँदै ३८ रन मात्रै बनाउन




सक्यो । भुटनदेवीले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र पाएको छ ।

उपविजेतामा चित्त बुझाएको सोलिड्यारिटीले २० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको हो । प्रतियोगितामा सामुदायिक र संस्थागत गरी १२ वटा विद्यालयले प्रतिस्पर्धा गरेका थिए । मकवानपुरको क्रिकेट टिमका पूर्वकप्तान निरज श्रेष्ठको स्मृतिमा पहिलो पटक प्रतियोगिता गरिएको थियो । मकवानपुर क्रिकेट संघका अध्यक्ष बासुलाल श्रेष्ठको सभाध्यक्षता रहेको प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रममा संघका सल्लाहकार पुरनबहादुर जोशीको प्रमुख आतिथ्यता तथा जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गी लगायतको आतिथ्यता थियो ।

**२३ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको संचालक समितिको मिति २०७९ कार्तिक १३ गते बसेको १५४औं बैठकको निर्णयानुसार २३औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा तपाई शेयर धनी सदस्य ज्यूलाई उक्त सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**
साधारण मिति : २०७९ साल पौष २ गते शनिवार
निर्वाचन मिति : २०७९ साल पौष ३ गते आईतवार
समय : विहान १०:०० बजे
स्थान : संस्थाको प्राङ्गण था.न.पा. ४ थानाबजार

**छलफलका विषयहरु**
१) २३औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन ।
२) आ.व. २०७८।०७९ को लेखा परीक्षण प्रतिवेदन सहितको आर्थिक प्रतिवेदन ।
३) २३औं वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ।
४) आ.व. २०७९।०८० को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५) आ.व. २०७९।०८० को लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) संस्था एकीकरण (गाभ्ने), प्राप्ति गर्ने र सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
७) शेयर लाभांश वितरण सम्बन्धमा ।
८) कोषहरु खर्च गर्ने सम्बन्धमा ।
९) साधारण सभाको निर्णय पुस्तिका सदर गर्ने सम्बन्धमा ।
१०) संचालक समितिको निर्वाचन सम्बन्धमा ।
११) विनियम संसोधन सम्बन्धमा ।
१२) विविध ।

अरुण रायमाझी (सचिव)
**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पालुङ, मकवानपुर




**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रन्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना